नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-४० दायर मितिः-२०८१/०४/२३**

**फैसला मितिः-२०८१/१०/२८**

**वादी**

**नसिव अन्सारीको जाहेरीले**

**नेपाल सरकार.........................१**

**प्रतिवादीहरु**

**जिल्ला पर्सा वीरगंज म.न.पा.वडा नं.२६ बस्ने मोजाहिर मियाँको छोरी बर्ष ३० की नसिमा खातुन समेत ३ जना .....१**

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीहरुले जाहेरवालासमेतलाई गाली गलौज गर्दै हातापात समेत गरी अभद्र व्यवहार गरको भन्ने जाहेरी दरखास्त.।
२. प्रतिवादीहरुले जाहेरवालासमेतलाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. जाहरेवालासमेतलाई प्रतिवादीहरुले गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको हुँदा प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका नाजरा खातुन समेतको घटनाविवरण कागज।
४. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
५. म्याद तामेली गरी तामेली प्रति पठाईदिनु हुन भनि जिल्ला प्रहरी कार्यालय, पर्सालाई यस कार्यालयको पत्र ।
६. म्याद तामेली गरी तामेली प्रति पठाईएको भनि वडा प्रहरी कार्यालय, श्रीपुरको पत्र ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०८१।०१।२९ गते अ.०९:०० बजेको समयमा जिल्ला पर्सा वीरगंज म.न.पा.वडा नं.२६ स्थित म जाहेरवाला आफ्नो घर आँगनमा बसि खाना खान लागेको अवस्थामा बिपक्षी नसिमा खातुनले आफ्नो घरको छत बढारी मेरो आँगनमा फालेकीले निजलाई फोहर नफाल्नु भनि सम्झाउँदा बिपक्षीहरु मेरो घर आगनमा आई अश्लिल शब्दहरु प्रयोग गर्दै हातपात गरेकोले बुहारी नजरा खातुनले समेत निजहरुलाई सम्झाउँदा बिपक्षीहरुले झन रिस आवेशमा आई बुहारीलाई लाठी मुक्का समेतले कुटपिट गर्दै अभद्र व्यवहार गरेको हुँदा कानून बमोजिम गरी पाउँ भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज समेतको आधारमा थमाउने म्याद समेत गुजारी बसेका यी प्रतिवादीहरु नसिमा खातुन, ताजमा खातुन र जेवुन खातुन समेतले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी जाहेरवालाको घर आँगनमा फ्याकेको फोहरको विषयलाई जाहेरवालासमेतलाई प्रतिवादीहरुले गाली गलौज गरी अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु नसिमा खातुन, ताजमा खातुन र जेवुन खातुनलाई जनही जरिवाना रु.१००००/- अक्षरेपी दस हजार मात्र ठहर्छ । साथै ऐ.ऐ.संहिताको दफा १२७ को हकमा उपचार खर्चमा लागेको रकम रु.३४०००/- मध्ये रु.१५०००/- प्रतिवादी पक्षबाट भाई बुहारी नजरा खातुनले पाईसकेको भनि जाहेरवाला नसिव अंसारीले गरेको कागजबाट देखिएको हुँदा बाँकी उपचार खर्च रु.१९०००/- प्रतिवादीहरुबाट भरी भराई दिन समेत मनासिव ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीहरु नसिमा खातुनसमेतलाई ठहरेको जनही जरिवाना रकम रु.१००००/- असुल उपर गर्न र बाँकी उपचार खर्च रु.१९०००/- प्रतिवादीहरुबाट पिडितलाई भरी भराई दिन जिल्ला प्रहरी कार्यालय, पर्सालाई पत्र लेखु ------------१

२. प्रतिवादीहरु थमाउने म्याद समेत गुजारी बसेको देखिएको हुँदा प्रतिवादीहरुलाई पुनरावेदनको म्याद दिई रहनु परेन ------------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ माघ महिना २८ गते सोमवार रोज २/ ने.सं. ११४५ सिल्लाथ्व त्रयोदशी, शुभम् ........